# पाख्रीबास नगरपालिका भित्र मृत्यू भएका परिवारहरुलाई मलामी खर्च आर्थिक सहायता कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०४/२१

प्रमाणीकरण मितिः २०८१/०४/२१

**प्रस्तावनाः**

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यवाट प्राप्त हुने आधारभूत सेवामा पहुँच पुर्याई आर्थिक तथा सामाजिक विपन्नताबाट मुक्ति पाउने कुरालाई मौलिक हक एवम् राज्यको नीति निर्देशक सिद्धान्तको रुपमै प्रत्याभूत गरेकोले आर्थिक रुपले विपन्न व्यक्तिहरुको कुनै दुर्घटना कालगति वा अन्य जुनसुकै कारणले मृत्युवरण भएमा निजको परिवारलाई राहत पुर्याउने उद्देश्यले यस नगरपालिकाको क्षेत्रभित्र स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न गरिब तथा असहाय परिवारका सदस्यको मृत्यु हुँदा निजको परिवारलाई मलामी खर्च उपलब्ध गराउन वान्छनीय भएकोले,

पाख्रीबास नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिमको अधिकार प्रयोग गरी आर्थिक रुपले विपन्न पाख्रीबास नगरपालिका भित्र मृत्यू भएका परिवारहरुलाई मलामी खर्च आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०८१ बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "पाख्रीबास नगरपालिका भित्र मृत्यू भएका परिवारहरुलाई मलामी खर्च आर्थिक सहायता कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

(क) "मलामी खर्च आर्थिक सहायता" भन्नाले मृतकको परिवारलाई आ-आफ्नो जातिय परम्परा अनुसार गरिने मृत्यूसंस्कार कार्यको लागि दिइने खर्च भन्ने बुझ्नुपर्दछ।

(ख) "परिवार" भन्नाले मृतकका एकाघरका सदस्य वा एकाघर सदस्य नभए निजको आफ्नै जातिय परम्परा बमोजिम मृत्यूसंस्कार गर्ने व्यक्ति भन्ने बुझ्नुपर्दछ।

२. **आर्थिक रुपले विपन्न परिवारलाई मलामी खर्च रकम प्रदान गर्न सकिनेः**

यस पाख्रीबास नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने गरिब, असहाय तथा आर्थिक रुपले विपन्न परिवारका सदस्यको दुर्घटना वा कालगति वा अन्य जुनसुकै कारणले मृत्यु भएमा निजको परिवारका सदस्य, नातेदार वा हकवालालाई रु १०,०००/- (अक्षरेपी रु. दश हजार मात्र) मलामी खर्च आर्थिक सहायता बापतको रकम उपलब्ध गराइनेछ।

३. **मलामी खर्च आर्थिक सहायता वापतको रकम पाउने आधारहरुः**

(क) पाख्रीबास नगरपालिका क्षेत्रभित्र स्थायी रुपले बसोबास गरेको हुनुपर्ने ।
(ख) कुनै भवितव्य दुर्घटना, कालगति वा अन्य कारणले मृत्यु भएको हुनुपर्ने ।
(ग) मृतक गरिब वा आर्थिक रुपले विपन्न परिवारको हुनुपर्ने ।
(घ) मृतकको परिवारका सदस्यले मृत्यु भएको मिति देखि ३५ दिन भित्र मलामी खर्च वापतको रकम प्राप्त गर्न निवेदन पेश गरेको हुनुपर्ने ।

४. **मलामी खर्च आर्थिक सहायता वापतको रकम प्राप्त गर्न आवश्यक कागजातहरुः**

(क) अनुसूची १ बमोजिमको निवेदन फारम,
(ख) अनुसूची २ बमोजिमको मलामी खर्च आर्थिक सहायता उपलब्ध गराईदिने भनी सम्बन्धित वडा कार्यालयको सिफारिस,
(ग) मृतक व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(घ) मृतक व्यक्तिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) मलामी खर्च आर्थिक सहायता प्राप्त गर्ने मृतकको हकवालाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि साथै मृतकसँग पारिवारीक नाता खुल्ने अन्य कागजात,
(च) मृतक नाबालक/ नाबालिका भए निजको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी,
(छ) मृतकको जन्मदर्ता र नागरिकता प्रमाणपत्र दुवै नभएको र नबनेको भए वडाको यथार्थ विवरण उल्लेख गरेको स्थलगत सर्जमिन मूचुल्का र सिफारिस,
(ज) मृतकको नागरिकता वा जन्मदर्ता अर्कै जिल्ला वा पालिकाको वडाबाट जारी भएको भए यस पाख्रीबास नगरपालिकाको वडामा बसाईसराईदर्ता भएको प्रमाणपत्रको प्रतिलिपी,
(झ) अनुसूची ३ बमोजिमको आर्थिक रुपले विपन्न भएको भनी स्वघोषणा पत्र ।
(ञ) आर्थिक रुपले विपन्न भएको भनी वडा कार्यालयको सिफारिस पत्र ।
तर,
पाख्रीबास नगरपालिका क्षेत्रभित्र बसोबास गरी बेवारिसे अवस्थामा रही कोही पनि परिवारको सदस्य नभएको व्यक्तिको हकमा भने वडा कार्यालयको सर्जमिन मूचुल्का र सिफारिसको आधारमा निज बसोबास गर्दै आएका घरधनी वा निजको जातिय परम्परा बमोजिम गरिने मृत्यूसस्कार गर्ने व्यक्तिलाई प्रदान गरिनेछ ।

५. **मलामी खर्च आर्थिक सहायता बापतको रकम भुक्तानी प्रक्रियाः**

पाख्रीबास नगर कार्यपालिकाको कार्यालयमा आवश्यक कागजात सहित निवेदन दर्ता भएका आर्थिक रुपले विपन्न मृतक परिवारका सदस्यलाई मलामी खर्च आर्थिक सहायता वापतको रकम पाख्रीबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले मृतक को नजिकको हकवाला (पति/पत्नी वा एकासंगोलका छोरा/छोरी/आमा/बुवा/दिदी/बहिनी/दाजु/भाई) वा नजिकको हकवाला नभएको अवस्थामा निजको नजिकको नातेदार र नजिकको नातेदार नभएको अवस्थामा निजको संरक्षकको[1] व्यक्तिगत बैँक खातामा रकम जम्मा गरिदिइनेछ। यसरी मलामी खर्च आर्थिक सहायता उपलब्ध गराउँदा कुनै प्रकारका बिल भरपाई आवश्यक पर्नेछैन र उक्त रकम उपलब्ध गराउदाँ कुनैपनि करकट्टी गरिनेछैन।

६. **विविधः**

(क) यस कार्यविधिको अनुसूचीमा कार्यपालिकाले आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ।
(ख) यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानिय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानून संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।
(ग) कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

७. **बाधा अडकाउ फुकाउः**

यस मलामी खर्च आर्थिक सहायता कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अडकाउ आएमा नगर कार्यपालिकाको बैठकले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।

<u>**अनुसूची १**</u>

आर्थिक रुपले विपन्न परिवारलाई मलामी खर्च आर्थिक सहायता वापतको रकम उपलब्ध गराउने कार्यक्रम

<u>मलामी खर्च आर्थिक सहायता वापतको रकम लिन पेश गरिने निवेदनको ढाँचा</u>

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पाख्रीबास नगर कार्यपालिकाको कार्यालय,
पाख्रीबास,धनकुटा ।

<u>विषयः मलामी खर्च आर्थिक सहायता वापतको रकम उपलब्ध गराई पाउँ ।</u>

महोदय,

मेरो परिवारमा तपसिलका विवरणमा संलग्न घटना भएकोले पाख्रीबास नगरपालिका भित्र मृत्यू भएका परिवारहरुलाई मलामी खर्च आर्थिक सहायता कार्यविधि, २०८१ बमोजिम मलामी खर्च आर्थिक सहायता उपलब्ध गरिदिनुहुन अनुरोध छ ।

तपसिलः

१. मृतकको नामथरः

२. नागरिकता प्र.पत्र नं. तथा ना.प्र.प. लिएको जिल्लाः

३. पति/पत्नीको नामथर र ना.प्र.प. नं.

४. परिवारको सदस्य संख्याः

५. मृत्यु भएको मितिः

६. मृत्युको कारणः

७. मृत्युदर्ता प्रमाणपत्र नं.

८. स्थायी ठेगानाः

निवेदक
सहीः.....................
नाम,थरः
मृतकसँगको नाताः

# अनुसूची २

## मलामी खर्च आर्थिक सहायता वापतको रकम उपलब्ध गराईदिने सिफारिसको ढाँचा

श्री पाख्रीबास नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
धनकुटा ।

विषयः मलामी खर्च आर्थिक सहायता वापतको रकम उपलब्ध गराईदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा साविक ................ गा.वि.स. वडा नं. ................... हाल पाख्रीबास नगरपालिका वडा नं. ........... टोल ..................... बस्ने श्री ........................ को नाती श्री ................................ को छोरा/छोरी श्री ................................ को पति/पत्नी बर्ष ................. को श्री ............................ को मृत्यु मिति ....................... गते ...........................................कारणले भएको तथा निज मृतकको परिवारको मासिक/बार्षिक आम्दानी रु .................. (अक्षरेपी रु ..........................................................................) मात्र भएको हुँदा निज मृतकको परिवार आर्थिक रुपले अति विपन्न रहेको देखिएकाले निजको परिवारका सदस्य श्री ............................... (मृतक सँगको........................ नाता) लाई आर्थिक रुपले विपन्न परिवारका लागि पाख्रीबास नगरपालिका भित्र मृत्यू भएका परिवारलाई मलामी खर्च आर्थिक सहायता कार्यविधि, २०८१ बमोजिम मलामी खर्च आर्थिक सहायता वापतको खर्च रकम उपलब्ध गराईदिनु हुन सिफारिस साथ अनुरोध छ । साथै निज मृतक आर्थिक रुपले अति विपन्न रहेको भनी व्यहोरा ठीक साँचो हो फरक परेमा सहुँला बुझाउँला ।

| | |
|---|---|
| .................................... | .................................. |
| नामः ........................... | नामः............................. |
| वडा सचिव | वडा अध्यक्ष |

कार्यालयको नामः पाख्रीबास नगरपालिका
............नं. वडा कार्यालय, .................
धनकुटा ।

मितिः

## अनुसूची ३

**मलामी खर्च आर्थिक सहायता वापतको रकम प्राप्त गर्न आर्थिक रुपले विपन्न रहेको स्वघोषणा फारम**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
पाख्रीबास नगर कार्यपालिकाको कार्यालय,
पाख्रीबास, धनकुटा ।

विषयः आर्थिक रुपले विपन्न रहेको स्वघोषणा सम्बन्धमा ।

प्रस्तुत विषयमा म हकवाला श्री ........................................... मृतक हाल पाख्रीबास नगरपालिका वडा नं. ................ बस्ने श्री.................................... को आफ्नो साखै/नाता छोरा/छोरी/पति/पत्नी का व्यक्ति हुँ । मेरो परिवारको .......................................... जना सदस्यहरु परिवारको खर्च धान्न ..................................................... काम गर्दै आएका छौँ। मेरो परिवारको कुल मासिक/बार्षिक आम्दानी रु ...................................... रहेको छ। तसर्थ मेरो परिवार आर्थिक रुपले अति विपन्न रहेको भनी व्यहोरा ठीक साँचो हो भनी स्वघोषण गर्दछु साथै फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला।

...........................

मृतकका परिवारको तर्फबाट

नामः

मृतकसँगको नाताः

**अनुसूची-४**

मलामी खर्च आर्थिक सहायता उपलब्ध गराउनुअघि तपसिल बमोजिमको मलामी खर्च आर्थिक सहायताको विवरण राख्नुपर्ने र आर्थिक सहायता उपलब्ध गराउनु प्रशासन शाखाबाट विवरण सहित आर्थिक प्रशासन शाखामा पठाउनुपर्नेछ।

तपसिलः

| सि. नं. | मृतकको नाम,थर | ठेगाना | मृत्यूदर्ता भएको मिति | मृत्यू भएको मिति | निवेदकको नाम | मृतकसँगको नाता | मोबाइल नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |